जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २४७ पृष्ठः ४ | २०८० माघ ०९ गते मंगलबार (Tuesday 23 Jan. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

# सरकारी गाडी लिएर उत्कोच भोज खान भट्ठीमा: ९ हजारको मांस मदिरा खान तीन जनप्रतिनिधिले बेचे नैतिकता


सिरहा, ८ माघ। सिरहामा सरकारी गाडीको दुरुपयोगमा झन्झन् वृद्धि हुँदै गएको छ। सरकारी गाडी दुरुपयोगको पछिल्लो कडीको रुपमा नयाँ काण्ड देखा परेको छ। सरकारी गाडी दुरुपयोग गर्ने जनप्रतिनिधिहरुमा जिल्ला समन्वय समिति सिरहाका संयोजक दिनेश महतो, उपसंयोजक दिलीप लामा र लहान नगरपालिकाका उपप्रमुख राम चलितर महतो रहेका छन्। उनीहरु दुई वटा सरकारी नम्बर प्लेटको गाडी लिएर गत आइतबार ५ बजे पछि मदिरापान र मान्साहारी पकवान ज्युनार गर्न घुर्मी खोला नजिक कार्की होटलमा पुगेका थिए।

घुर्मी खोला उत्खनन् गर्ने ठेक्का लिएका ठेकेदारले बील भुक्तानी गर्ने गरी तीनै जना जनप्रतिनिधि होटलमा आमन्त्रित थिए। सामान्य पदीय मर्यादा समेत भुलेर उत्खनन् गर्ने ठेकेदारको उत्कोच भोज खान गएका यी तीन जनप्रतिनिधिहरुले










सुशासनको त धज्जी उडाएकै छन् साथमा पदीय गरिमा, मर्यादा र लोकलाजलाई पनि तिलाञ्जली दिएका छन्। साँझै कार्की होटलमा पुगेका जनप्रतिनिधिहरु दिनेश महतो, दिलीप लामा र राम चलितर महतोले कार्की होटलमा ४ घण्टा भन्दा अधिक समय बिताएका थिए। सो अवधिमा जनप्रतिनिधिहरुले सेतो नम्बर प्लेटको गाडी होटल बाहिर उभ्याएका थिए।

मांस मदिरासहितको भोजन भक्षणपछि जनप्रतिनिधि त्रेय ढ्याउ डकार गर्दै सिन्काले दाँत कोट्याउँदै होटल बाहिर निस्किए। सरकारी गाडीमा चढेर आ-आफ्नो घरतर्फ हुइकिए। आफ्नो अवैध उत्खनन् व्यापार चलाउन उत्कोच स्वरुप भोज दिने मेजबान ठेकेदारले करिब ९ हजारको बील भुक्तानी गरेका थिए। मंसभोजी र सुरापान व्यसनी जिसस संयोजक र नगर उपप्रमुख महतो द्वय लहानबाट झण्डै २५ किलोमिटर सरकारी गाडीमा यात्रा गरेर घुर्मी किनार पुगेका थिए। उपसंयोजक दिलीप लामा पनि सरकारी गाडीसहित त्यहाँ पुगेका थिए। स्मरण रहोस् दिपेन्द्र यादवले घुर्मी खोला उत्खननको ठेक्का लिएका छन्। उनलाई नदीमा स्काभेटर उपकरण लगाएर उत्खनन् गर्ने दरकार हुनसक्छ र अवैध उत्खनन् रोक्ने निकाय भनेको जिल्ला समन्वय समिति हो। जिससका संयोजक र उपसंयोजक नै रक्सी मासुमा बिकेपछि अवैध उत्खननको नियमन कसरी हुन्छ ? प्रश्न टडकारो देखिन्छ।

नेपाली कांग्रेसका युवा नेता सुरेश साह भन्छन् – मुखले खाए पछि आखा लजाउँछ। नदी उत्खनन् गर्ने ठेकेदारको भोज खाएपछि अवैध उत्खनन् रोक्ने जिम्मेवारी भएका जनप्रतिनिधिले कसरी त्यस्ता ठेकेदारलाई कारवाही गर्न सक्छ ? साह भन्छन् एक छाक मिठो मसिनो खान सामान्य नैतिकता पनि बेच्ने यस्ता जनप्रतिनिधिबाट खोई के आशा गर्ने ? उनले आक्रोस पोख्दै भने जिल्ला समन्वय समितिका संयोजक , उपसंयोजक र लहान नगरपालिकाका उप प्रमुख तीन जना जनप्रतिनिधि मात्र १० हजारमा बिक्ने रहेछन्। सुन्दै लाजमर्नु भयो।

अनेरास्ववियूका जिल्ला अध्यक्ष सुरेश यादव भन्छन् प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले दुई साता अघि मात्र बिदाको दिन वा कार्यालय समय पश्चात सरकारी काम बाहेक सेतो नम्बरप्लेट गाडी नचलाउनु भनेर सर्कुलर गरेका

**-बाँकी दुई पेजमा**

# जनमतको विरोधकाबीच कृषि विश्वविद्यालयको शिलान्यास, शिक्षामन्त्री र सासंद अस्पताल भर्ना

**अवधेशकुमार झा**

सप्तरी, ८ माघ। जनमत पार्टीको विरोधका बाबजुद जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादबले सोमबार राजविराज-१३, विषहरियामा मधेश प्रदेश कृषि विश्वविद्यालयको शिलान्यास गरेका छन्। विरोधका बीच भएको उद्घाटन कार्यक्रममा जसपा अध्यक्ष यादवले एक लाइने भाषण गरेर मन्तव्य टुंग्याएका थिए। जनमतको विरोधकाबीच कृषि विश्वविद्यालयको शिलान्यास, शिक्षामन्त्री र सासंद अस्पताल भर्ना अध्यक्ष यादवले कार्यक्रममा विश्वविद्यालय स्थापनाका लागि प्रदेश सरकारलाई धन्यवाद मात्रै भनेका थिए। मुख्यमन्त्री सरोजकुमार यादबले भने सक्दो चाँडो कृषि विश्वविद्यालय निर्माण हुने प्रतिबद्धता जनाए।

औपचारिक कार्यक्रम भइरहेका बेला जनमत पार्टीका नेता कार्यकर्ताले पटक-पटक विरोध गर्दै मञ्चमा जाने प्रयास गरेका थिए। त्यसमा प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेशप्रसाद यादव समेत थिए। जनमतका कार्यकर्ताहरुले प्रदर्शन गर्न थालेपछि प्रहरीसँग धकेलाधकेल भएको थियो। त्यसक्रममा भीड नियन्त्रण गर्न प्रहरीले लाठी चार्ज समेत गरेको थियो। जनमत र प्रहरीबीचको झडपमा परेर शिक्षामन्त्री यादब र प्रदेश सासंद सतिशकुमार सिंह लगायत जनमत पार्टीका एक दर्जन कार्यकर्ता घाइते भएका छन्। अहिले उनीहरुको गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार भइरहेको छ। मन्त्री यादवको टाउकोमा चोट लागेको छ। विश्वविद्यालय शिलान्यास भएको क्षेत्र जनमतका अध्यक्ष


**-बाँकी दुई पेजमा**

# मन्दिरहरुमा लाखौँ दीप प्रज्वलन

सिरहा, ८ माघ। भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा सोमबार सिरहाको गोलबजारसहित मधेश प्रदेश लगायतमा लाखौं दीप प्रज्वलनको आयोजना गरिएको छ। ऋाज हुन गैइरहेको राम भगवानको प्राण प्रतिष्ठाको अवसर पारेर सिरहाको गोलबजार लहान, सिरहा, मिर्चैयासहितका राम मन्दिरहरुलाई दुलही झैं सिंगारेर सोमबार भव्य दिप प्रज्वल गर्ने कार्यक्रमको तयारी गरिएको हो। गोलबजारका व्यवसायीहरुको अगुवाईमा सोमबार विहान रथ यात्रा, अपरान्ह प्रसाद वितरण र वेलुका दीप प्रज्वलनसहितको धार्मिक सांस्कृतिक कार्यक्रमको आयोजना हुने गोलबजार उद्योग वाणिज्य संघका सचिव विरेन्द्र सिंहले जानाएको छ।

अयोध्यामा नवनिर्मित भगवान रामको मन्दिर प्राण प्रतिष्ठा गर्दैगरेको खुसियालीमा गोलबजारका मठमन्दिर रंगरोगन गरेर चिटिक्क बनाइएको गोलबजारका व्यवसायी प्रमेश्वर साहले बताए। व्यापार संघले सोमबार गोलबजारका सम्पूर्ण व्यावसाईहरुलाई माछा, मासु र मदिरा विक्रिवितरण नगर्न अनुरोध गरेको छ। जिल्लाका पालिकाहरुले पनि आज सम्पूर्ण पालिकाबासिहरुलाई

**-बाँकी दुई पेजमा**




सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# शैलीको विकासले निम्त्याएको ढुकुटीको विनास

यतिखेर मन्त्री–सांसदहरू एकवर्षे कार्यकालको फेहरिस्त सार्वजनिक गर्ने होडबाजीमा व्यस्त देखिन्छन्। धनीमानी मन्त्री–सांसद एकवर्षे कार्यकालको 'पुस्तिका' छपाउँदै जिल्लामा लगेको विकास–बजेट तथ्यांकले रंग्याउँदै छन्। कोही सामाजिक सञ्जालमा आफू र 'आफ्ना मानिस' लगाउँदै 'विकास कार्यक्रम' ल्याउन आफूले खेलेको भूमिका सूची सार्वजनिक गराउँदै छन्। स्याङ्जामा पुगेका 'बहुवर्षीय योजना'को 'जस' अरूले नै लिएपछि कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री धनराज गुरुङ त यतिखेर अलि आक्रोशित नै छन्। स्याङ्जा पुगेका योजना–बजेटको फेहरिस्तसहित गुरूङले सामाजिक सञ्जालमै लेखेका छन्, 'काम गरौं, प्रचार नगरौं, भन्ने मान्यता थियो, तर, यहाँ त काम गर्ने कालु मकै खाने भालु' उखान चरितार्थ गर्ने प्रवृत्ति साह्रै झाँगिएको देखियो।' अर्थात्, कानुन मन्त्री गुरूङलाई देशभरिको विकासभन्दा आफ्नै जिल्लाप्रति बढी मोह देखियो। मन्त्रीले भएभरको शासकीय बल लगाउँदै जिल्ला पुऱ्याएको योजना–बजेटको 'जस' अरूले नै लिएपछि चित्त दुख्नु कुनै अनौठो होइन। त्यसो त प्रधानमन्त्री, अर्थमन्त्री र प्रभावशाली मन्त्रीहरू शासकीय शक्तिको दुरुपयोग गरी अनुचित शैलीमा राज्यको साधन–स्रोतलाई गृहजिल्ला वा निर्वाचनक्षेत्र केन्द्रित गर्ने क्रम निरन्तर छ। राजनीतिक पात्रहरुका बोली निरन्तर सुनिएकै छ, 'मैले त्यो आयोजना ल्याएँ, मैले त्यो विकास ल्याएँ।' मानौं, उनको बोली सुन्दा र क्रियाकलाप हेर्दा निजी र पुस्तैनी सम्पत्ति खर्च गर्दैछन्। आजसम्म भएकै यस्तै हो, प्रधानमन्त्री–मन्त्रीहरू 'आफ्नै हात जगन्नाथ'का प्रकृति र प्रवृत्तिमा मात्र छन्। अनि त्यसरी लगेको योजना–बजेटको 'जस' अरूले लिएपछि सामाजिक सञ्जाल प्रयोग गरी असन्तुष्टि पोख्नुपर्ने अवस्था सिर्जना भएको छ। त्यसो त, गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा मोरङ 'केन्द्र'मा पर्थ्यो भने शेरबहादुर देउवा हुँदा कर्णालीपारि। २०६७ माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा काठमाडौं–रौतहट 'भाग्यमानी' जिल्ला बनेकै हुन्।

भौतिक योजनामन्त्री हुँदा विजयकुमार गच्छदारले 'सुनसरी–मोरङ'मा सडक–पुलका सूची लामै बनाएका हुन्। केही समयअघि सडक परियोजनाका बजेट त्यसरी नै प्रधानमन्त्री, अर्थमन्त्री र भौतिक योजनामन्त्रीले 'मिलेमतो'मै गृहजिल्ला पुऱ्याएका हुन्। कहीँ सामान्य स्वास्थ्य चौकीको अभावमा मानिसको अकालमै मृत्युवरण गर्नुपर्ने अवस्था छ। यही मुलुक हो, कहीँ सुकुम्बासी बस्ती हेर्न भ्यू–टावरका निम्ति अरबौं बजेट पुऱ्याइन्छ। हाम्रा हरेक डाँडा प्राकृतिक रूपले भ्यू–टावर हुन्। तर, 'विकास' लगेको देखाउनकै खातिर जति बलिया नेता त्यति ठूलो भ्यू–टावर। पञ्चायतकालको उत्तरार्द्धयता 'अर्थमन्त्री'हरू जन्माउन नुवाकोट विकासबाट लाभान्वित हुने जिल्लामै पर्छ। पञ्चायतकाल–संसदीय कालखण्डमा 'विकास' पुऱ्याउँदै सिन्धुपाल्चोकको पनि 'भाग्य अजमाएकै' हुन्, पशुपतिशमशेर राणाले पनि। पञ्चायतकालमा नुवाकोटका अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले आफ्नो क्षेत्रमा बढी विकास बजेट लगेपछि सिन्धुलीकी राष्ट्रिय पञ्चायत सदस्य भद्रा घलेले 'अनसन' बसेको इतिहास सम्झनेहरू अझै छन्।

पुरानो के कुरा, गएकै वैशाखमा सत्तारुढ कांग्रेस सांसद सन्जय गौतम पनि बर्दियामा पूलका निम्ति अनसन बसेकै हुन्। बर्दिया जब्दीघाटको पूल भत्किएको सात वर्ष हुँदा नयाँ बनाउन बजेट नछुटिएपछि उनलाई अनसनको बाटो रोज्नुपऱ्यो, बजेट प्रधानमन्त्री–मन्त्री जिल्लाकेन्द्रित भएपछि। हाम्रो विकास र बजेट परिदृश्य हेर्दा निश्चय नै सजिलै यो निष्कर्षमा पुगिन्छ कि कोही पनि नेता यस्ता छैनन्, जो मुलुकको समष्टीगत विकासमुखी होस्। 'अपवाद'बाहेक हरेक राष्ट्रियस्तरका हुन् कि शीर्ष, तिनीहरू निर्वाचनक्षेत्र र जिल्लाभन्दा 'माथि' उठ्न खोजेको पाइँदैन। तिनीहरू आफ्नो क्षेत्रमा बजेट पुऱ्याउँदै भोट बैंक बलियो तुल्याउँदै निर्वाचन जितिरहन्छन्।

संसद् र संसदीय समिति 'कोरम' नपुग्नु र संसदीय समितिमा मन्त्रीहरुविरूद्ध प्रश्न नगर्ने खेल बढेको बढेको छ। त्यसरी प्रश्न गरियो र समस्यामा पारियो भने मन्त्रीहरू रिसाउन पुग्छन्। त्यसपछि 'खुसामद'का आधारमा बजेट लैजान नसकिने अवस्था सिर्जना हुन्छ। त्यही स्वार्थी खेल बाक्लिँदै जाँदा संसद्को समेत ओज–वजन खस्किन पुगेको छ। एकपटक जिल्ला–क्षेत्रमुखी विकास–योजनामाथि उठ्ने गरी राष्ट्रिय बहस आवश्यक देखिएको छ। मतदाताले पनि बुझ्नुपर्छ कि नेता/सांसदले मुलुककै हित हुने प्रतिफल प्राप्त हुने आयोजनाको रकममा 'लूट' मच्चाउँदै ल्याएका हुन्। यस्तो विकासले देशको कदापि हित गर्दैन।

# हवल्दारले सेन्ट्रीको राइफल लिएर गोली चलाएको भेटिएपछि बर्खास्तीको तयारी

काठमाडौं, ८ माघ। सर्लाहीको बरथवा नगरपालिका–५ मा प्रहरीको गोली लागेर एक युवकको ज्यान गएको घटनामा गोली चलाउने प्रहरी अधिकारी बर्खास्तीमा पर्ने भएका छन्। छानबिनमा क्रममा अनावश्यक बल प्रयोग गरेको पाइएपछि इलाका प्रहरी कार्यालय, बरथवाका वरिष्ठ हवल्दार सोनेलाल यादवलाई बर्खास्त गर्ने तयारी प्रहरी प्रधान कार्यालयले गरेको हो। घटनाबारे छानबिन गर्न गृह मन्त्रालयले बनाएको सह–सचिव थानेश्वर गौतम नेतृत्वको समितिले पनि उनलाई बर्खास्त गर्न सिफारिस गरेको थियो। २० पुसमा अस्पताल स्थापनाको विषयमा विवाद हुँदा बरथवा नगरपालिका–६ का जयशंकर साह मारिएका थिए।

प्रहरी प्रधान कार्यालय, नक्सालका एक उच्च अधिकृतका अनुसार, घटनालगत्तै हवल्दार यादवलाई निलम्बन गरेर छानबिन गर्न भनिएको थियो। यद्यपि, उनलाई जिल्ला प्रहरी कार्यालयमा तानेर राखिएको थियो। भिड नियन्त्रणमा खट्ने प्रहरीको मनोबल गिर्ने भन्दै कारबाही गर्न प्रहरी हच्किएको थियो। तर, सहसचिव गौतम नेतृत्वको टोलीले गरेको स्थलगत अध्ययनका क्रममा समेत अनावश्यक रुपमा वरिष्ठ हवल्दार यादवले बल प्रयोग गरेको भेटिएपछि बर्खास्तीका लागि सिफारिस गरिएको हो। छानबिन समितिका एक सदस्यका अनुसार, जुन ठाउँमा गोली लागेर साहको मृत्यु भएको छ, त्यहाँ गोली चलाउनुपर्ने स्थिति नै देखिएको छैन। अझ साह इलाका प्रहरी कार्यालय वरथवामा हवल्दार मेजरको रुपमा कार्यरत थिए, जसको जिम्मेवारी हवल्दार र जवानहरुलाई अह्रनखटन गर्नु हुन्थ्यो।

तर, घटना भएका दिन इलाका प्रहरी कार्यालय, बरथवामा रहेका साह कार्यालयबाहिर गेटमा सुरक्षार्थ खटिएका सेन्ट्रीको एसएलआर (सेल्फ लोडेड राइफल) लिएर बाटोमा निस्किएको पाइएको छानबिन समितिका एक सदस्य बताउँछन्। हवल्दार साहले भने आफ्नो हतियार खोस्न खोजेपछि गोली चलाउनुपरेको स्पष्टीकरण दिएका थिए। तर, छानबिन समितिले संकलन गरेको त्यसदिनको भिडियो फुटेजहरुमा त्यस्तो परिस्थिति नदेखिएको छानबिनमा संलग्न अधिकृतहरु बताउँछन्। समिति स्रोतका अनुसार, त्यसक्रममा धेरै मान्छे नभएको स्थानमा साहलाई गोली लागेको देखिएको छ। हवल्दार साहले चलाएको गोली उनको टाउकोमा लागेको मेडिकल जाँचबाट देखिएको छ। जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रमुख एसपी प्रविण धितालले मृतक साहलाई एउटा गोली लागेको देखिएको अनलाइनखबरलाई बताएका छन्।

वडा नम्बर ६ का वडाध्यक्ष मोहम्मद अफताब आलमले बताएअनुसार, जयशंकर प्रदर्शनमा सहभागी समेत थिएनन्। महसुल तिर्न मोटरसाइकल चढेर विद्युत कार्यालय नजिकै पुगेका थिए, त्यही बेला प्रहरीले चलाएको गोली लागेर उनी सडकमै ढलेका थिए। सर्लाही प्रहरी प्रमुख एसपी धितालले छानबिन समितिको प्रतिवेदनका आधारमा प्रहरी प्रधान कार्यालय, नक्सालबाट आउने पत्रअनुसार कारबाही यसमा संलग्नमाथि कारबाही हुने बताए। 'अहिलेसम्म पत्र आइसकेको छैन, पत्र आएपछि त्यही अनुसार कार्यान्वयन गर्छौं, उनले भने। सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले त्यसबारे घटनामा गोली चलाउन आदेश नदिएको दाबी गरेका थिए।

# ७५० रुपैयाँ लिएर क्लिनिकमा जाँच्थे 'नक्कली डाक्टर'

काठमाडौं, ८ माघ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले एक जना नक्कली डाक्टरलाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा मोरङ विराटनगर उपमहानगर–२ घर भई काठमाडौं–३ महाराजगञ्ज बस्ने ४० वर्षीय सम्बुद्ध भट्टाचार्य छन्। उनले आफूलाई डा. एस भट्ट आचार्य भनेर चिनाउँछन्। उनलाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो। प्रहरीले उनलाई काठमाडौंको बसुन्धारास्थित धौवलागिरी हिमाल पोलिक्लिनिकमा फेला पारेको हो। जहाँ उनले इन्डोग्रिनोलोजी कन्सल्टेन्टको रूपमा काम गर्ने गरेको कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले जानकारी दिए।

आफूलाई डाक्टर बताउने गरेका भट्टाचार्यले उक्त क्लिनिकसँगै नक्सालमा रहेको वी केयर पोलिक्लिनिकमा समेत काम गर्ने गरेको प्रहरीले पायो। उनले उक्त पोलिक्लिनिकमा ९ महिना काम गरी करिब ६३० बिरामीको उपचार समेत गराएको पाइएको एसपी रेग्मीले बताए। यस क्लिनिकमा उपचार गराएबापत उनले ७५० रुपैयाँ लिने गरेको खुलेको छ। यस्तै, धवलागिरीमा ४० जनाभन्दा बढीको उपचार गराएको खुलेको छ। त्यहाँबाट प्रति बिरामी उनले ५०० रुपैयाँ लिने गरेका थिए। यसरी उपचार गराउँदै आएका भट्टाचार्यले आफूले चीनबाट एमबिबिएस पढेको दाबी गरेका छन्। तर प्रहरीले त्यसबारे आधार प्रमाण माग गर्दा भने देखाउन नसकेको अनुसन्धान अधिकृत प्रहरी निरीक्षक निर्मलकुमार थापाले बताए।

'हामीलाई उहाँले चीनबाट पढेको भनेर भन्नुभएको छ। तर हामीले प्रमाणपत्र देखाउनुस् भन्दा देखाउन सक्नुभएको छैन,' उनले भने, 'यहाँ उनले आफू टिचिङ अस्पतालमा काम गर्ने गरेको भनेर पनि भन्दै हिँड्नुहुन्छ। तर त्यस्तो गरेको पाइएन।' भट्टाचार्यले प्रयोग गरेको नेपाल चिकित्सक संघ (एनएमसी) को नम्बर पनि अर्कै व्यक्तिको भएको प्रहरी निरीक्षक थापाले बताए। प्रहरीले उनीबाट विभिन्न प्रमाणपत्र, कार्डहरू पनि बरामद गरेको छ। ती कार्ड र कागजातहरू सबै नक्कली नै भएको प्रहरीले दाबी गरेको छ। उनले नेपाल चिकित्सक संघ र टिचिङ अस्पतालको कार्ड बनाएको फेला परेको छ। त्यसैगरी विदेश जानेहरूको मेडिकल रिपोर्ट बनाउने गरेको पनि प्रहरीले जनाएको छ।

यसो त पूर्व स्वास्थ्य मन्त्री एवं जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको हस्ताक्षर भएको प्रशंसा पत्र पनि प्रहरीले बरामद गरेको छ। उक्त प्रमाणपत्र नक्कली भएको प्रहरी निरीक्षक थापा बताउँछन्। 'उनीबाट विभिन्न संस्थाको नाम प्रयोग गरिएका प्रशंसा पत्र, प्रमाणपत्र लगायत कागजातहरू बरामद गरेका छौं,' उनले भने, 'पूर्वमन्त्री उपेन्द्र यादवको हस्ताक्षर समेत भएको प्रमाणपत्र बनाएको पायौं।' नक्कली डाक्टरले बिरामीको स्वास्थ्यमाथि खेलवाड गर्न सक्ने भएकाले प्रहरीले उनीविरूद्ध इलाज सम्बन्धी कसुर र नक्कली कागजात खडा गरेको भन्दै लिखतसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ।

### सरकारी गाडी...

थिए। तर जिल्ला प्रशासन कार्यालयको उर्दीलाई रौं बरावर पनि मान्यता दिएको देखिएन। जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीको फितलो प्रशासनतन्त्रले वेथिति र अराजकता हदैसम्म मौलाएको छ। अब अनेरास्वियूले सरकारी गाडी दुरुपयोग रोक्ने अभियान सञ्चालन गर्नेछ। त्यसबाट निस्कने दुष्परिणामको जिम्मेवार प्रमुख जिल्ला अधिकारी हुनेछन्।

गोलबजार नपा २ का समाजसेवी युवा दिनेश यादव भन्छन् नुन खएपछि गलिन्छ। तीन जना जनप्रतिनिधिले जसको नुन खाएका छन् उसका अगाडि नतमस्तक हुनुपर्छ। अनि अवैध उत्खनन् कसरी रोकिन्छ ? कानुन विपरित उत्खनन्मा जिल्ला समन्वय समिति पनि मतियार र सहयोगी छ भन्ने कुरा छर्लङ्गै भएको छ। यी जनप्रतिनिधिहरु दारु र मान्समा मात्र सीमित छैनन् बरु नगद नजराना संकलनमा पनि अभ्यस्त छन् भन्न सकिन्छ। प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेसँग यस विषयमा प्रतिक्रिया माग्दा उनले भने सरकारी गाडीको दुरुपयोग गरेको प्रमाण सहित कसैले उजुरी दिए छानविन गरी कारवाही गर्छु।

यस प्रसंगमा जिसस संयोजक महतोसँग सोधनी गर्न फोन गर्दा उनको दुबै मोवाइल नं. स्वीचअफ गरिएको अवस्था बताइयो। तर उनले केही समय अघि पत्रकार रामभरोसी यादवसँग कुरा गर्दै भनेका थिए, "हो मैले सरकारी गाडी दुरुपयोग गरेको हुँ, मांस मदिरा पनि खाएको हुँ। जे जे गर्नु छ गर्नुस्।" उपसंयोजक लामाले भने फोन उठाएनन्। तर उनले पनि पत्रकार यादवलाई भनेका थिए म आफै पैसा तिर्ने गरी खान गएको थिएँ। ठेकेदार दिपेन्द्र यादवले तिर्नै दिएनन्। उनैले तिरिदिए। नगर उपप्रमुखको मोवाइलले सम्पर्क हुन सकेनको सन्देश दोहोऱ्याइ रहयो।

सभार: दावानलबाट

### जनमतको ...

सिके राउतको निर्वाचन क्षेत्र हो। तर विश्वविद्यालय जसपा अध्यक्ष यादवले शिलान्यास गर्ने भएपछि विरोधमा उत्रिएका जनमतका नेता कार्यकर्ताले आइतबार विश्वविद्यालयको कार्यालयमा तालाबन्दी नै गरेका थिए।

शिक्षामन्त्री यादवले आइतबारै विश्वविद्यालयको शिलान्यास कार्यक्रम नै रोक्न समेत निर्देशन दिएका थिए। तर जसपाबाट निर्वाचित भएर मुख्यमन्त्री बनेका सरोजकुमार यादवले कार्यक्रम रोक्न अस्वीकार गरेपछि सोमबार जसपा र जनमतका कार्यकर्ताहरु आमने–सामनेको अवस्था बनेको थियो। दुई पक्षबीच झडपको सम्भावना भएपछि सदरमुकाम राजविराज र शिलान्यासस्थलमा बाक्लो संख्यामा सुरक्षाकर्मी परचालन गरिएको थियो।

### मन्दिरहरुमा...

आज घर–घरमा दीप प्रज्वलन गर्न अपिल गरेको छ। गोलबजार नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष सदलदेव यादव, व्यवसायी राकेश गुप्ता, रामेश्वर साह, आन्नद यादव, सुशिल साह, महावीर प्रसाद साह लागायतको सक्रियतामा बजार सरसफाई, दिप प्रज्वलन, प्रसाद वितरण र रथ यात्रा लगाएतको कार्यक्रम भईरहेको सचिव सिंहले बताए।

अयोध्यामा नवनिर्मित भगवान् राम मन्दिरको प्राण प्रतिष्ठालाई लिएर मधेश प्रदेशका अधिकांश मठमन्दिर रंगरोगन गरेर चिटिक्क बनाइएको छ भने जताततै राम अङ्कित झण्डा झुण्ड्याइएको छ। जनकपुरधामको घर घरमा दीपावली गरिएको छ। जनकपुरधाम भगवान श्रीरामको ससुराल हो। अयोध्यामा भगवान श्रीरामको मन्दिर बनेपछि यहाँका मन्दिरका साधुसन्त, महन्त र नगरबासी उत्साहित छन्। जनकपुरधामसहित देशभर प्राण प्रतिष्ठाको अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रम गरिँदै छ। सिरहाको लहानमा ११ हजार १११ दीप प्रज्वलन गरिएको छ।

छोरीलाई विभेद नगरौं,
समाजलाई कमजोर नपारौं

# सुखीपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुखीपुर, सिरहा

मधेश प्रदेश, नेपाल

## पोखरी तथा गदरी बजार, ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/०८ गते**

यस नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका देहाय बमोजिमका पोखरी तथा गुदरी बजारहरु जे–जस्तो अवस्थामा छन् सोही अवस्थामा नै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न पोखरी तथा गुदरी बजारहरुको ठेक्का लिन इच्छुक दर्तावाला फर्म, संस्था एवं व्यक्तिहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र आह्वान गरिएको छ।

**शर्तहरु :–**

१. दरभाउपत्र फाराम यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म ४:०० बजे भित्र रु. १०००।– (फिर्ता नहुने गरी) तिरी नागरिकताको प्रतिलिपी साथ निवेदन दिई यस सुखीपुर न.पा. को कार्यालय बाट खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरेर खाम बाहिर पाउने पठाउनेको नाम, ठेगना र ठेक्का लिन चाहेको शिर्षकको नाम प्रष्टसँग लेखी १६ औं दिनको १२ बजेभित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिन दिनको २ बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. दरभाउपत्र दाताले दरभाउपत्र साथ नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैंक सुखीपुरमा रहेको धरौटी खाता नं. ११०४४०१४६४०४३०२३ (कोड नं. ८०१०२१६०८), मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट दरभाउपत्र खोलिने मितिले ९० दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ।

४. समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सुचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कारबाही हुने छैन। केरमेट भएको खण्डमा सम्बन्धित दरभाउपत्र दाताको सहीछाप भएको हुनुपर्नेछ।

५. दरभाउपत्र भर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरलाई मान्यता दिइनेछ।

६. दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सुखीपुर न.पा. को कार्यालयमा दरभाउपत्र दर्ता र खोल्ने कार्य हुनेछ।

७. दरभाउपत्र खरिद वा दर्ता गर्ने दरभाउपत्र दाताले शिर्षकहरुको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिनेछ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ।

९. दरभाउ पेश गर्ने व्यक्तिको तिन पुस्ते आधारमा नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिको दरभाउपत्र मान्य हुने छैन। कारण बश ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

१०. ठेक्का स्वीकृत भएपछि स्वीकृत रकमको पचास प्रतिशत रकम पहिलो किस्तामा बुझाएपछि मात्र चलन पुर्जी दिईने छ।

११. दरभाउपत्रदाताको अधिकतम कबोल अंक बराबर भएमा सोही अंकलाई न्यूनतम कबोल अंक मानी ३ दिनभित्र अर्को दरभाउपत्र निजहरुबाट मात्र आह्वान गरिनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित ऐन, कानून र नियम अनुसार हुनेछ।

१३. यससम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयमा आफै आई वा फोन नं. ९८५२८२९१११ मा फोन गरी बुझ्न सकिनेछ।

१४. ठेक्का सम्झौता मितिवाट देखि लागु हुने छ।

१५. नेपाल सरकारलाई बुझाउनु पर्ने कर रकम ठेकेदारले स्वयंम बुझाउनु पर्नेछ।

१६. ठेक्काको विवरण निम्न अनुसारको छ :–

| सि.नं./ठेक्का नम्बर | ठेक्का बन्दोवस्तीको नाम सहितको विवरण | ठेगाना | न्यूनतम निर्धारित रकम | भ्याट रकम | मु.अ.कर सहित रकम | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|
| १ | सुखीपुर ग्रामिण गुदरी बजार | सुखीपुर ८ | २६५००० /– | ३४५१५/– | ३०००१५/– | १ बर्षको लागि |
| २ | दहिपौडी गुदरी बजार | सुखीपुर १० | ७५५००/– | ९८१५/– | ८५३१५१/– | १ वर्षको लागि |
| ३ | लडकन्हा गुदरी बजार | सुखीपुर ५ | ९३०००/– | १२०९०/– | १०५०९०/– | १ वर्षको लागि |
| ४. | सिलोर्वा चौक कविलासी गुदरी बजार | सुखीपुर ४ | २२५००/– | २९२५/– | २५४२५/– | १ वर्षको लागि |
| ५. | सलमपुर चौक गुदरी बजार | सुखीपुर ४ | १८०००/– | २३४०/– | २०३४०/– | १ वर्षको लागि |
| ६. | छजना गुदरी बजार | सुखीपुर २ | ५५०००/– | ७१५०/– | ६२१५०/– | १ बर्षको लागि |
| ७. | साविक गा.वि.स. कविलासी ३ मा रहेको कित्ता नं. १०६ को पोखरी | सुखीपुर ४ | १४०००/– | १८२०/– | १५८२०/– | ३ वर्षको लागि |
| ८. | साविक गा.वि.स. कुशहा लक्ष्मिनीया निरौला घर छेउको पोखरी | सुखीपुर ३ | २५००००/– | ३२५००/– | २८२५००/– | ३ वर्षको लागि |
| ९. | दहिपौडी रामदयाल घर छेउको पोखरी | सुखीपुर १० | ९३०००/– | १२०९०/– | १०५०९०/– | ३ बर्षको लागि |
| १०. | साविक गा.वि.स. बल्ही हाल सुखीपुर ७ को कुट्टी पोखरी | सुखीपुर ७ | ६००००/– | ७८००/– | ६७८००/– | ३ वर्षको लागि |
| ११. | साविक गा.वि.स. बल्ही हाल सुखीपुर ७ को पक्का पोखरी | सुखीपुर ७ | २५००००/– | ३२५००/– | २८२५००/– | ३ वर्षको लागि |
| १२. | लंगुर्वा दिनेश यादव घर छेउको पोखरी | सुखीपुर १० | १८००००/– | २३४००/– | २०३४००/– | ३ वर्षको लागि |
| १३. | श्रीदेव यादव घर छेउको पोखरी | सुखीपुर १० | ५३०००/– | ६८९०/– | ५९८९०/– | ३ बर्षको लागि |
| १४. | महाविर यादव घर छेउको पोखरी | सुखीपुर–५ | ४७०००/– | ६११०/– | ५३११०/– | ३ बर्षको लागि |
| १५ | साविक गा.बि.स. बल्ही हाल सुखीपुर ७ को डिह्वार थान पोखरी | सुखीपर ७ | २००००/– | २६००/– | २२६००/– | ३ वर्षको लागि |
| १६ | साविक गा. वि.क. बल्ही हाल सुखीपुर ७ को ०–२–१० क्षेत्रफल रहेको पोखरी | सुखीपुर ७ | १००००/– | १३००/– | ११३००/– | ३ बर्षको लागि |
| १७ | साविक गा.वि.स. सिलोर्वापछवारी हाल सुखीपुर ५ को मखना खत्ता पोखरी | सुखीपुर ५ | ४६५००/– | ६०४५/– | ५२५४५/– | ३ वर्षको लागि |
| १८ | बभना पोखरी कविलासी | सुखीपुर ४ | ९५०००/– | १२३५०/– | १०७३५०/– | ३ बर्षको लागि |
| १९ | बभना पोखरी चन्द्रपट्टी | सुखीपुर २ | १००००/– | १३००/– | ११३००/– | ३ बर्षको लागि |
| २० | हरिहरपुर पोखरी | सुखीपुर ५ | १५०००/– | १९५०/– | १६९५०/– | ३ बर्षको लागि |
| २१ | डिहवारथान छेउको डबरा | सुखीपुर १ | ९०००/– | ११७०/– | १०१७०/– | ३ बर्षको लागि |
| २२ | बलही नया भवनको कोठा नं. १ | सुखीपुर ७ | १०००/– | १३०/– | ११३०/– | मासिक |
| २३ | बलही नया भवनको कोठा नं. २ | सुखीपुर ७ | १०००/– | १३०/– | ११३०/– | मासिक |
| २४ | बलही नया भवनको कोठा नं. ३ | सुखीपुर ७ | १०००/– | १३०/– | ११३०/– | मासिक |
| २५ | बलही नया भवनको कोठा नं. ४ | सुखीपुर ७ | १०००/– | १३०/– | ११३०/– | मासिक |
| २६ | बलही नया भवनको कोठा नं. ५ | सुखीपुर ७ | १०००/– | १३०/– | ११३०/– | मासिक |

**–प्रमुख प्रशासकीय अधिकृत**

# ऋणीलाई ३५(पैंतिस) दिने सूचना

**प्रकाशित मिति : २०८०।१०।०९गते**

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस जानकी फाइनान्स कम्पनी लि., गोलवजार शाखा संग लिए गरेको कर्जा लेनदेन कारोबारमा भुक्तानी तालिका अनुसार तिर्नु पर्ने साँवा, ब्याज र हर्जाना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत साँवा, ब्याज र हर्जाना ब्याज रकम चुक्ता गर्न नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखि आफुले लिएको ऋणको भाखा नाघेको साँवा, ब्याज र हर्जाना आदि भुक्तानी गर्नुहोला । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा वित्तीय संस्थाको कर्जा नीति अनुरुप ऋणी र धनी वित्तीय संस्था बिच भए गरेको ऋण सम्झौता, लिखतहरु तथा प्रचलित ऐन कानुन बमोजिम धितो स्वरुप लेखि दिएको अचल सम्पत्ति वित्तीय संस्थाले कुनै पनि बखत लिलाम/बिक्रि/ सकार गरी असूल उपर गर्नेछ। सो बाट नखामेमा ऋणीको हक लाग्ने अन्य चल अचल सम्पत्तिहरु कानूनी कारवाही गरी वित्तीय संस्थाले आफ्नो लेना असूल उपर गरिलिने व्यहोरा समेत सूचित गरीन्छ। साथै धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचीमा सूचीकृत गर्नको लागि सिफारिस गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ।

| कर्जा नम्बर | ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| ००३०३२०००००१९०५०००००१ **(उद्योग कर्जा)** | जि.सिरहा, असनपुर वार्ड नं. ०५ बस्ने **श्री सागर ईटा उद्योग** का प्रो. श्री सुर्या साह तेली को नाती, श्री देवनाथ साह को छोरा , हाल जि. सिरहा, गोलवजार न.पा. ०४ बस्ने **श्री विक्रम कुमार साह** । | निज ऋणीको हजुरआमा श्रीमति सागरवती तेली को नाउमा दर्ता कायम रहेको जि. सिरहा, असनपुर वार्ड नं. ३ख, कि.नं.१२१ को ५-१४-१०—० जग्गा, निज ऋणीको भिनाजु श्री नारायण प्रसाद साह को नाउमा दर्ता कायम रहेको जि. धनुषा, जनकपुर वार्ड नं. ७, सिट..नं. १३९४- १०, कि.नं.९९को ०-०-१०-० जग्गा, जनकपुर वार्ड.नं.२, सिट.नं.१३५६-२१, कि.नं.२३२को ०-०-७-०.५ जग्गा, निज ऋणीको बुवा श्री देवनाथ साहको नाउमा दर्ता कायम रहेको जि.सिरहा,असनपुर.वार्ड.नं.८क,कि.नं.८५०को ०-०-१५-०, जग्गा, कि.नं.८५१को ०-०-१५-०,जग्गा, कि.नं.९७२को ०-०-१६.५-०, जग्गा, निज ऋणीको काका श्री विश्वनाथ साहको नाउमा दर्ता कायम रहेको.जि.सिरहा, असनपुर.वार्ड.नं.६क, कि.नं.१२६७को ०-०-१६.५-०,जग्गा। |
| ००३०३१००००४९४७००००००२ **(व्यापार कर्जा)** | जि.सिरहा, मल्हनियाखोरी वार्ड नं. ०५ बस्ने **श्री देवकी कलेज अफ म्यानेजमेन्ट एण्ड साइन्स** को प्रो. श्री मिश्री साहु को नाती, श्री राम जतन साहु को छोरा , हाल जि. सिरहा, मिर्चैया न.पा.वा.न. ०६ बस्ने **श्री राम एकवाल नायक** । | निज ऋणीको बुवा श्री राम जतन साहु को नाउमा दर्ता कायम रहेको जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१५० को ०-३-२.५-० जग्गा , श्री देवकी कलेज अफ म्यानेजमेन्ट एण्ड साइन्स को नाउमा दर्ता कायम रहेको जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१४९ को ०-१-०-१३ जग्गा , जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३१४८ को ०-१-०-१४ जग्गा, जि. सिरहा, मल्हनियाखोरी वार्ड नं.३क, कि.नं. ३२३६ को ०-०-२-८ जग्गा। |
| ००३०३८०००११४२७०००००२ **(व्यक्तिगत कर्जा)** | जि.सिरहा, रामनगर. वार्ड नं. ०६ बस्ने श्री कारी साह को नाति,श्री असर्फी साह को छोरा हाल जि. सिरहा, मिर्चैया न.पा.०६बस्ने **श्री राजेश्वर प्रसाद साह** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, रामनगर वार्ड नं.६क, कि.नं.१८८१ को ०-०-१४-१० जग्गा। |
| ००३०३१०००११६०८०००००२ **( व्यापार कर्जा)** | जि. सिरहा, सुखिपुर वार्ड नं. ०६ बस्ने **श्री दुर्गा भगवती जेनरल स्टोर** को प्रो. श्री रुपी यादव को नाति, श्री रासलाल यादव को छोरा हाल जि. सिरहा, सुखिपुर न..पा. १० बस्ने **श्री महेश्वर यादव** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, दहिपौडी वार्ड नं. ८, कि.नं. ३३४१ को १-३-१२.५-० जग्गा। |
| ००३०३८०००११३४००००००२ **(व्यक्तिगत कर्जा)** | जि.सिरहा, रामनगर..गा.वि वार्ड नं. ०३ बस्ने श्री ढोढाई मण्डल को नाति , श्री ननकी मण्डल को छोरा हाल जि. सिरहा, मिर्चैया न.पा.०६ बस्ने **श्री अवधेश मण्डल** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, रामनगर गा.वि.वार्ड नं. ४ख, कि.नं. ३०४२ को ०-०-४.५ जग्गा , जि. सिरहा, फुलवरीया वार्ड नं. ७घ, कि.नं. ४५६० को ०-०-१०-४.५ जग्गा र जि. सिरहा, फुलवरीयम वार्ड नं. ७घ , कि.नं.४५६३ को ०-०-६-१४ जग्गा। |
| ००३०३१०००११४०९०००००२ **(व्यापार कर्जा)** | जि.सिरहा, मिर्चैया न.पा.०५ हाल ०६,स्थित **श्री मनोज खाधयान्न भण्डार** को प्रो.श्री नेवा साह को नाति ,श्री बलदेव साह को छोरा , जि. सिरहा, फुलवरिया गा.वि.स वार्ड नं.०९,हाल जि.सिरहा,मिर्चैया न.पा.०७ बस्ने प्रो. **श्री पुलकित साह हलुवाई** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा,रामनगर गा.वि.स.वार्ड नं. ४ क, कि.नं. ३८८९ को ०-०-९.५-० ,कि.नं. ३८९१ को ०-०-११-० जग्गा। |
| ००३०३९०००११५२००००००२ **(विपन्न कर्जा)** | जि.सिरहा,सुखिपुर.वार्ड.नं.०६ बस्ने श्री स्वरुप महतो कोइरी को बुहारी ,श्री गरिव महतो कोइरी को श्रीमति हाल जि.सिरहा,सुखिपुर.न.पा.१०,बस्ने. **श्री गुलजार देवी**। | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा,सुखिपुर .वार्ड नं. ६, कि.नं. ५ को ००३२७.४० को जग्गा। |
| ००३०४४०००११७६१००००००२ **(कृषि कर्जा)** | जि.धनुषा,बालाबाखर.गा.वि.स वार्ड नं.०९,बस्ने **श्री सुशान्त मत्सय पालन** को प्रो.श्री राम प्रसाद सुनरैत यादव को बुहारी ,श्री जय प्रकाश यादव को श्रीमति , हाल जि. धनुषा,शहिदनगर.न.पा.०१ बस्ने **श्रीमति रिम्पु कुमारी** । | निज ऋणीको श्रीमान को नाउमा दर्ता कायम रहेको जि. सिरहा,चन्द्रयोध्यापुर .वार्ड नं. ८क, कि.नं. ३२४० को ०-१-१४-० को जग्गा। |
| ००३०४३०००११८०१००००००२ **(विपन्न कर्जा)** | जि.सिरहा,सिरहा.वार्ड.नं.०९बस्ने.श्री दुखि पाल को बुहारी, श्री कुमर प्रसाद पाल को.श्रीमति,हाल.जि.सिरहा,सिरहा.न.पा.०९,बस्ने **श्रीमति शैल कुमारी पाल** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा,सारस्वर .वार्ड नं. ६, कि.नं. ७६९ को ०-३-१०-०को जग्गा। |
| ००३०४४०००११७४५०००००२ **(कृषि कर्जा)** | जि.सिरहा, आयोध्यानगर वार्ड नं. ०८ बस्ने **श्री रतन कृषि फार्म** को प्रो. श्री बिल्टु यादव को बुहारी, श्री ललित नारायण यादव को श्रीमति हाल जि. सिरहा, धनगढीमाइ न.पा. ०८ बस्ने **श्रीमति रतन कुमारी यादव** । | निज ऋणीको श्रीमान को नाउमा दर्ता कायम रहेको जि. सिरहा, आयोध्यानगर वार्ड नं. ०८क, कि.नं. ९११ को ०-८-१५.६६-० जग्गा। |
| ००३०३७०००११५६००००००२ **(सहुलियतपूण कर्जा)** | जि.सिरहा, सितापुर.प्र.रा.गा.वि वार्ड नं. ०९ बस्ने **श्री लक्ष्मी कृषि फार्म** को प्रो. श्री महादेव यादव को बुहारी, श्री राम एकवाल यादव को श्रीमति हाल जि. सिरहा, मिर्चैया न.पा. ११ बस्ने **श्रीमति ककुलती वति देवी** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, सितापुर वार्ड नं. ३ क, कि.नं. ६०३ को ०-०-१३-० जग्गा , जि. सिरहा, सितापुर वार्ड नं. ३ क, कि.नं. ६०५ को ०-१-०-० जग्गा र जि. सिरहा, ग.महेशपुर वार्ड नं. ६ , कि.नं. २६२ को ०-१२-१८-० जग्गा। |
| ००३०३१०००११६४९०००००२ **(व्यापार कर्जा)** | जि.सिरहा,सुखिपुर वार्ड नं. ०७ बस्ने **श्री गायत्री आयरन स्टोर्स** को प्रो. श्री किसन महतो को नाति,श्री परसुराम महतो को छोरा हाल जि. सिरहा, सुखिपुर न.पा. १० बस्ने **श्री संगीन कुमार महतो** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, बल्ही गा.वि.स.वार्ड नं. २, कि.नं. ३४१६ को ०-०-७-१४ जग्गा। |
| ००३०३१०००११९३६०००००२ **(व्यापार कर्जा)** | जि. सिरहा, सुखिपुर वार्ड नं. ०८ बस्ने **श्री प्रफुल किराना पसल** को प्रो. श्री दशै महतो को नाति, श्री रामलखन महतो को छोरा हाल जि. सिरहा, सुखिपुर न..पा. ०६ बस्ने **श्री महेश महतो** । | निज ऋणी र राज कुमार महतो को नाउमा दर्ता कायम रहेको जि. सिरहा, सुखिपुर वार्ड नं. ७, कि.नं. ३३ को ००८२०.६० जग्गा। |
| ००३०३७०००११५७९०००००२ **(सवसिडि कर्जा)** | जि.सिरहा, वेतौना वार्ड नं.०९ बस्ने **श्री विना पशुपालन फर्म** को प्रो. श्री देव नारायण महतो को बुहारी, श्री उपेन्द महतो को श्रीमति हाल जि. सिरहा, गोलवजार न.पा.१२ बस्ने **श्रीमति विना कुमारी** । | निज ऋणीको नाउमा दर्ता कायम रहेको जि. सिरहा, फुलवरीया वार्ड नं.२ख, कि.नं. ३९३२ को ०-१-७-८ जग्गा। |

**जानकी फाइनान्स कम्पनी लिमिटेड**
**गोलवजार ०४, शिव मन्दिर नजिक**
**फोन नं.०३३-५४०६०७ , ५४०६०८**

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)